# धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि, २०८२

## पाखीबास नगरपालिका

पाखीबास धनकुटा ,

कोशी प्रदेशनेपाल ,

धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि ,२०८२

पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२७

मिति २०८२/०९/२७ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भए पाख्रीबास नगरपालिकाको धानको बिउ वितरण सम्बन्धी कार्यविधि , २०८२ प्रमाणित गर्दछु ।

<u>प्रमाणिकरण मितिः २०८२/०९/२७</u>

.............................................

नामः ज्ञान बहादुर गुरुङ

पदः नगर प्रमुख

पाख्रीबास नगरपालिका

नगरकार्यपालिका कार्यालय पाख्रीबास धनकुटा

पाखीवास नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाखीवास, धनकुटा कोशी प्रदेश, २०७३

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०९/२७

## धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

पाखीवास नगरपालिका भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुलाई कृषि उत्पादन एवं उत्पादकत्व वृद्धि गरी कृषकको आर्थिक समृद्धिमा टेवा पुर्याउन तथा खाद्य सुरक्षा बढाउन कृषकको लागत सहभागिताको आधारमा संघ, प्रदेश र स्थानीय तहगत सरकारको संरचना अनुसार धानको बिउ वितरण कार्यलाई सहज, व्यवस्थित, पारदर्शी, प्रभावकारी व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम " धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(ख) यो कार्यविधि पाखीवास नगरपालिका क्षेत्र भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुको हकमा मात्र लागू हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "कार्यविधि" भन्नाले धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(ग) "धानको बिउ" भन्नाले हाइब्रिड, उन्नत र स्थानीय धानको बिउ/धानको किटलाई बुझिन्छ ।

(घ) "नगरपालिका" भन्नाले पाखीवास नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "नगर सभा" भन्नाले पाखीवास नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(च) "नगर कार्यपालिका " भन्नाले पाखीवास नगरपालिकाको नगर कार्यपालिका लाई सम्झनु पर्छ ।

(छ) "प्रमुख" भन्नाले पाखीवास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "उप प्रमुख" भन्नाले पाखीवास नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

(झ) "वितरण" भन्नाले पाखीवास नगरपालिका क्षेत्र भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था र कृषि फर्महरुलाई धान बिउ/धानको किट वितरण गरेको सम्झनु पर्दछ ।

नगर प्रमुख

## परिच्छेद- २
### अनुदानको उद्देश्य

३. अनुदानको उद्देश्य

(क) कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुको धानको उत्पादन र उत्पादकत्व वृद्धि गर्न ।

(ख) रोग प्रतिरोधात्मक क्षमता भएको, छिटो पाक्ने र बढी उत्पादन हुने धानको बिउ वितरण गर्न,

(ग) प्रविधि र ज्ञान हस्तान्तरण गरी खाद्य सुरक्षामा सुधार ल्याउन ।

(घ) धान खेतीलाई व्यवसायिकरण गर्न ।

## परिच्छेद- ३
### अनुदान दिन सकिने क्षेत्रहरु

४. अनुदान दिन सकिने क्षेत्रहरुः

(१) यस पाखीवास नगरपालिका भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुमा आवद्ध कृषकहरुलाई हाइब्रिड, उन्नत र स्थानीय जातको धानको बिउ/धानको किट वितरण शीर्षकमा खर्च गर्न सकिनेछ ।

(२) व्यवसायिक रुपमा धानखेती गर्ने लाभान्वित व्यक्ति/समूह/संस्थालाई वितरण गरिनेछ ।

(३) कम्तीमा १ रोपनी वा सो भन्दा बढी धानखेत वा बारी भएको भौगोलिक क्षेत्र अनुसारका कृषकहरुलाई वितरण गरिनेछ ।

(४) नेपालमा सूचीकृत भएका वा सूचीकृत हुन बाँकी किसानले इच्छाएको/रुचाएको धानको बिउ/धानको किट वितरण गर्न सकिनेछ ।

## परिच्छेद- ४
### अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रकृया

५. अनुदान तथा सहायता रकम निकासा तथा कार्यन्वयन प्रक्रियाः

(क) यस कार्यविधि बमोजिम उपलब्ध गराउने धानको बिउ/धानको किट नगर कार्यपालिका तथा नगर सभाबाट निर्णय भए बमोजिम हुनेछ ।

(ख) धानको बिउ खरिद तथा वितरण कार्यक्रम सञ्चालनको लागि पाखीबास नगरपालिकाको कृषि विकास तर्फको सहभागितामा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम धानको बिउ/धानको किट ८५ प्रतिशत अनुदानमा वितरण गरिनेछ ।

(ग) अनुदानको धानको बिउ वितरण कार्यक्रमको लागि १० वटै वडाहरुमा सूचना प्रकाशन गरी आवेदन संकलन गरिनेछ ।

(घ) प्राप्त आवेदनहरुको सम्बन्धमा समितिबाट आवश्यक अनुगमन तथा निरिक्षण गरी आवेदन छनौट गरिनेछ ।

(ङ) पाखीवास नगरपालिका भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुले धानको बिउ अनुदानमा प्राप्त गर्नको लागी तपसिलका आवश्यक कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

तपसिलः

१. नेपाली नागरिकताको प्रतिलिपी

२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपी

३. जग्गा भाडामा लिएको भए जग्गा भाडा सम्झौता पत्र

४. एकाघरको व्यक्तिहरुको हकमा जग्गा भोगचलनको लागि मञ्जुरीनामा

५. चालु आ.व. को जग्गाको तिरो तिरेको रसिदको प्रतिलिपी

६. कर चुक्ता प्रमाणपत्र (पेश गर्नुपर्नेहरुको हकमा)

७. नवीकरण सहितको व्यवसाय दर्ता प्रमाणपत्र (पेश गर्नुपर्नेहरुको हकमा)

८. नवीकरण सहितको कृषि समूह दर्ता प्रमाणपत्र (पेश गर्नुपर्नेहरुको हकमा)

९. अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदन (पेश गर्नुपर्नेहरुको हकमा)

१०. लाभग्राहीले ईच्छा गरी माग गरिएको धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यक्रम संलग्न निवेदन

११. वडा कार्यालयको सिफारिस पत्र

१२. कृषक समूह, कृषि सहकारी संस्था र जल उपभोक्ता संस्थाको हकमा कार्यसमितिको निर्णय

१३. लाभग्राहीको स्वघोषणा

## परिच्छेद-५

## छनौट तथा सिफारिस समिति

६. छनौट तथा सिफारिस समितिः

पाखीवास नगरपालिका भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी संस्था, जल उपभोक्ता संस्था र कृषि फर्महरुलाई अनुदानको धानको बिउ छनौट तथा सिफारिस गर्नको लागि तपसिलका पदाधिकारीहरु रहेको छनौट तथा सिफारिस समिति रहनेछः

(क) संयोजकः नगर-प्रमुख

(ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य

(घ) पशुपंक्षी सेवा शाखा प्रमुखः सदस्य

(ङ) कृषि विकास शाखा प्रमुखः सदस्य सचिव

नगर प्रमुख

परिच्छेद- ६

विविध

७. अनुगमन तथा निरीक्षणः

कार्यक्रम अनुगमन तथा निरीक्षणः कार्यक्रम अनुगमन तथा निरिक्षण गर्नको लागी यस नगरपालिकाको उप-प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा निरीक्षण समिति रहनेछः

| | |
|---|---|
| १. नगर उप-प्रमुख | संयोजक |
| २. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ३. कृषि शाखाको शाखा प्रमुख | सदस्य |
| ४. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |

(क) अनुगमन तथा निरीक्षण समितिले धानको बिउ वितरण अनुदान कार्यविधिमा तोकिएको शर्तहरु बमोजिम खर्च गरेको/नगरेको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्नेछ ।

(ख) यस कार्यविधि बमोजिम धानको बिउ वितरण कार्यविधि बमोजिम कार्य भए/नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

(ग) अनुदानको धानको बिउ सदुपयोग गर्ने जिम्मेवारी सम्बन्धित लाभग्राही स्वंयमको हुनेछ ।

(घ) अनुदानको धानको बिउ/धानको किट बिउको लागि प्रयोग भए/नभएको यकिन गर्न ।

(ङ) अनुदानको धानको बिउ वितरण कार्यक्रमको प्रगति प्रतिवेदन सम्बन्धित शाखाले पेश गर्नुपर्नेछ ।

८. संशोधन तथा परिमार्जनः

धानको बिउ वितरण अनुदान सम्बन्धी कार्यविधि, २०८२ लाई थप प्रभाकारी बनाउन आवश्यकता अनुसार नगर कार्यपालिका वा नगरसभाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ ।

९. कानुन बमोजिम कारवाही हुनेः यस कार्यविधि विपरित अनुदानको धानको बिउ/धानको किट वितरण गरेमा वा लाभग्राहीले प्रयोग गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१०. बचाउ तथा खारेजीः

यस कार्यविधिको कुनै बुदाँ, अंश, वाक्य वा शब्द प्रदेश र संघीय कानून सँग बाझिएमा बाझिएको हद सम्म अमान्य भई खारेजी हुनेछ ।